छलफल तथा निर्णयहरु

१. लगानी बोर्ड ऐन, २०६८ लाई परिमार्जन गर्ने सम्बन्धमा तयार भएको मस्यौदाउपर तपशीलमा उल्लेख भएअनुसार आयोगको राय/सुझाव पठाउने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सुदुरपश्चिम विकास आयोग विघटन गर्ने सम्बन्धमा आयोगको राय माग भई आएकोमा नेपालको संविधान जारी भएसँगै मुलुकमा संघीय शासन व्यवस्था अनुरुप संघ, प्रदेश र स्थानीय तहका सरकारहरु गठन भई संविधान प्रदत्त अधिकार र जिम्मेवारी संपादनकालागि क्रियाशील भैसकेको र प्रदेशस्तरीय योजना आयोगजस्ता निकाय गठन भएकोले सुदुरपश्चिम विकास आयोग जस्ता प्रकृतिका आयोगलाई निरन्तरता दिन सान्दर्भिक नदेखिएको राय पठाउने।

३. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७५ लाई परिमार्जनसहित स्वीकृत गर्ने ।

४. नेपाल मानव विकास प्रतिवेदन, २०१९ (Nepal Human Development Report, 2019) तयार गर्नका लागि विषयगत आधार (Theme) छनौट गर्ने सम्बन्धमा छलफल भयो । यसको अवधारणा बनाउन र सरोकारवालासँग छलफलको तयारी आर्थिक व्यवस्थापन महाशाखाबाट गर्ने ।

५. अनुसन्धान तथा मूल्याङ्कन महाशाखाबाट प्रस्ताव गरिएको आगामी आ.व. २०७४/७५ को वार्षिक समिक्षासहित मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक र ४३औं राष्ट्रिय विकास समस्या समाधान उपसमिति र समितिको बैठक कार्यतालिका स्वीकृत गर्ने। उक्त कार्यतालिका बमोजिम बैठकहरु सञ्चालनका लागि मन्त्रालय तथा केन्द्रीय निकायहरुलाई पत्राचार गर्ने ।

६. युवा तथा खेलकुद मन्त्रालयबाट माग भई आएको "कवड्डी कभर्डहल निर्माण" कार्यलाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रुपमा सिफारिस गर्ने।

७. १५औं योजना तर्जुमा सम्बन्धमा विषय क्षेत्रगत आधार-पत्र तयारी एवं योजना दस्तावेज तर्जुमा कार्यका लागि सम्बन्धित विषयगत क्षेत्र हेर्नुहुने माननीय सदस्यको नेतृत्वमा सम्बन्धित महाशाखा तथा सरोकारवाला निकायहरुसँग छलफल गरी आवश्यक पर्ने अध्ययन/ अनुसन्धान (Background Paper) का लागि विषयहरु पहिचान गरी आयोगको आगामी बैठकमा प्रस्तुत गर्ने ।

८. राष्ट्रिय जनशक्ति योजना तर्जुमासम्बन्धमा सामाजिक विकास क्षेत्र हेर्नुहुने माननीय सदस्यको नेतृत्वमा सुशासन तथा सामाजिक विकास महाशाखाले अवधारणा-पत्र र कार्यक्षेत्रगत शर्त तयार गरी आयोगको आगामी बैठकमा प्रस्तुत गर्ने।

९. राष्ट्रिय योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा २३ मा व्यवस्था भएअनुसार आयोगका तर्फबाट नेपाल सरकार समक्ष पेश गर्नुपर्ने वार्षिक प्रतिवेदन तयार गर्ने सम्बन्धमा माननीय सदस्य डा. उषा झाको संयोजकत्वमा माननीय सदस्य श्री मीनबहादुर शाही, माननीय सदस्य डा. दिलबहादुर गुरुङ र माननीय सदस्य डा. रामकुमार फुयाँल सम्मिलित संयोजन समिति गठन गर्ने । उक्त प्रतिवेदनको मस्यौदा अनुसन्धान तथा मूल्याङ्कन महाशाखा प्रमुखको संयोजकत्वमा उच्च व्यवस्थापन समूहको बैठकले गठन गरेको कार्यदलले तयार गर्ने ।

१०. आयोगको मिति २०७५/०१/२५ को बैठकले निर्णय गरेअनुसार आयोगको नयाँ संगठन संरचना स्वीकृतिका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाइएकोमा प्रस्तावित भन्दा फरक संगठन संरचना र न्यून दरवन्दी स्वीकृत भई आएको र चालु आ.व. मा चौधौं योजनाको समिक्षा, पन्ध्रौं योजनाको आधारपत्र तयारी, नेपाल मानव विकास प्रतिवेदन तयारी, दीगो विकास लक्ष्य कार्यान्वयन लगायतका महत्वपूर्ण कार्यहरु सम्पादन गर्नुपर्ने भएकोले रिक्त सहसचिव (प्रशासन)-१ जना यथाशिघ्र पदपूर्ति हुन र एक जना सहसचिव, ४ जना उपसचिव र ७ जना शाखा अधिकृत काजमा खटाई पठाइदिन समेत अनुरोध गर्ने । साथै, आयोगबाट अन्यत्र निकायमा सरुवा गर्दा वा आयोगमा सरुवा गरी पठाउँदा आयोगको सहमतिमा मात्र गर्न अनुरोध गर्ने ।

११. दीगो विकास लक्ष्य (SDGs) को प्रदेश र स्थानीयतहको सूचकहरुको बारेमा प्रस्तुतिकरण गरियो । उक्त सूचकहरु आर्थिक व्यवस्थापन महाशाखाबाट श्रावण महिना भित्रमा अन्तिम रुपमा तयार गरी आयोगमा पेश गर्ने ।

१२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७५/०३/२४ को निर्णयानुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवलको राजपत्राङ्कित विशिष्ट श्रेणीको प्रमुख सचिव पदमा कायम मुकायम मुकरर भई यस आयोगबाट जानुभएका डा. तीर्थराज ढकाललाई आयोगमा कार्यरत रहँदा पुऱ्याउनु भएको योगदानका लागि धन्यवाद प्रदान गर्ने ।